# हिलिहाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर

अध्यक्ष :- ९८५२६८४४९९
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र. प्र. अ :- ९८५२६८४४७७

प्रदेश नं. १, नेपाल


पं. सं. :- २०७७/०७८
चं. नं. :- ३१५

मिति:- २०७७।०९।०८

बिषय : परिपत्र गरिएको ।

श्री वडा सचिव, सबै
हिलिहाङ गाउँपालिका ।

प्रस्तुत सम्बन्धमा हिलिहाङ गाउँपालिकाको गाउँ कार्यविभाजन नियमावली २०७४ बमोजिम वडा सचिवको मुख्य जिम्मेवारी वडा समिति/कार्यालयको प्रशासकीय प्रमुख भई कार्यसम्पादन गर्ने उल्लेख गरिएको छ । साथै उल्लेखित हिलिहाङ गाउँ कार्यविभाजन नियमावली २०७४, कार्यसम्पादन नियमावली २०७४, स्थानिय सरकार सञ्चालन ऐन २०७४ र अन्य प्रचलित कानुनमा उल्लेख भए बमोजिम बाहेक तपसिलमा उल्लेखित थप कार्यहरु गर्ने/गराउने व्यवस्था मिलाई उक्त कार्यहरुको प्रगति विवरण प्रत्येक स्टाफ मिटिङमा जानकारी गराउने व्यहोरा जानकारी गराउँदछु ।

**तपसिल**

- केन्द्रिय निकायको वेबसाईट www.mofaga.gov.np दैनिक कम्तिमा २ पटक भिजिट गरी गाउँपालिका तथा वडा कार्यालय सँग सम्बन्धित परिपत्रहरु (जस्तै:- सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता, सिफारिस, प्रमाणिकरण, आयोजना सञ्चालन आदि विषयहरु) अध्ययन तथा कार्यान्वयन गरी/गराई अभिलेख राख्ने ।
- हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालयको अफिसियल ईमेल ठेगाना दैनिक कम्तिमा २ पटक (कार्यालय समयको पूवार्द्ध र उत्तरार्द्धमा) अनिवार्य भिजिट गरि ईमेलबाट प्राप्त पत्रहरु कार्यान्वयन गर्ने/गराउने साथै प्राप्त पत्रहरुको अभिलेख र प्रगति विवरण हरेक स्टाफ मिटिङमा पेश गर्ने ।
- हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालयको अफिसियल वेबसाईट www.hilihangmun.gov.np दैनिक कम्तिमा २ पटक भिजिट गरी थप परिपत्र/सूचना/आदेश भए डाउनलोड गरी पत्र अभिलेख राख्ने एवम अध्ययन गरी जानकारी तथा तुरुन्तै कार्यान्वयन गर्ने/गराउने ।
- वडा कार्यालय मार्फत संकलित आन्तरिक राजश्व सम्भव भए सोहि दिन अन्यथा एक हप्ताभित्र अनिवार्य सम्बन्धित बैंकमा दाखिला गरी भौचर कार्यालयमा (सम्भव भएसम्म सक्कल भौचर नभए ईमेल मार्फत स्क्यान कपि) बुझाउने ।
- कार्यालयको ईमेलबाट प्राप्त पत्रको व्यहोरा तुरुन्तै सम्बन्धित वडाध्यक्षलाई र वडासमितिका सदस्यहरुलाई जानकारी गराई कार्यान्वयनमा लैजान पहल गर्ने ।
- सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त भएका कतिपय परिपत्रहरु सोझै गाउँपालिका तथा वडा कार्यालयहरु सँग सम्बन्धित हुने भए तुरुन्तै वडाध्यक्ष र वडासमितिका अन्य सदस्यहरुलाई जानकारी गराई कार्यान्वयन तर्फ अग्रसर हुने ।

०७७।०९।०८
विक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ:**
श्री अध्यक्षज्यू, हिलिहाङ गाउँपालिका ।
श्री वडा कार्यालय, सबै, हिलिहाङ गाउँपालिका ।